

# अध्याय -५

# गलिल तालको वरिपरी आश्चार्य काम

<u>*यस अध्यायका मुल पदहरू:*</u> मर्कूस ४:३५-४१, भजन १०४:१-९, मर्कूस ५:१-४३ र गन्ती २७:१७।

**<u>*यस अध्यायको मुल सार पद:*</u> "तर उहाँले त्यसलाई अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान् काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ।" मर्कूस ५:१९।**

येशूको सेवाकार्य प्रायजसो गलिन ताल वा समुद्रको वरिपरि केन्द्रित थियो। यो ताल कमसेकम १३ माइल वा २१ किलोमिटर लामो छ र ८ माइल वा १३ किलोमिटर चौडाइ छ। त्यस क्षेत्रमा यो सबभन्दा ठुलो ताल थियो। त्यस क्षेत्रमा रहेका मानिसहरूको केन्द्रविन्दु त्यही ताल थियो।

गलिलको समुद्र पारि येशू र उहाँका चेलाहरू यात्रा गरेको विवरण दिएर मर्कूस ४ अध्याय समाप्त गरिन्छ। त्यस बिचमा ठुलो आँधिबेरी आउँछ र येशूले त्यसलाई सम्बोधन गरेर शान्त पार्नुहुन्छ। मर्कूस ६ पनि त्यही खालको विवरण दिएर समाप्त गर्दछ। यस समय येशू समुद्रको पानीमाथि हिँडेर डुङ्गामा चढिरहेका चेलाहरूकहाँ आउनुहुन्छ। ती दुई दृश्यहरूका बिचमा धेरै आश्चर्य कामहरू समुद्र र जमिनमा येशूले गर्नुभएको थियो। येशूका चेलाहरूको पहिलो सुसमाचारीय क्रियाकलाप भएको पाइन्छ। यस अध्यायको अध्ययनको विषयवस्तु ती कथाहरूमा आधारित छ।

*ती नाटकीय कथाहरूले येशू को हुनुहुन्छ भनेर पाठकहरूलाई महसुस गराइन्छ। उहाँले आँधीबेरीलाई शान्त गर्न सक्नुहुन्छ, दुष्ट आत्माले सताएको मानिसलाई उहाँले निको पार्नुहुन्छ, उहाँको पछ्यौरा मात्र छोएर स्त्रीको रोग निको पार्नुहुन्छ, मरेकी केटीलाई उहाँले बौरि उठाउनुहुन्छ, उहाँले आफ्नो गाउँघरमा सुसमाचार प्रचार गर्नुहुन्छ, उहाँले चेलाहरूलाई सुसमाचार सुनाउन पठाउनु हुन्छ, ५०००लाई दुई वटा माछा र पाँचवटा रोटीले ख्वाउनुहुन्छ र समुद्रमाथि पनि उहाँको अधिकार छ भनेर त्यसमाथि उहाँ हिँड्नुहुन्छ। उहाँ परमेश्वरको पुत्र को हुनुहुन्छ वा उहाँ परमेश्वरको पुत्र नै हुनुहुन्छ भनेर ती विवरणबाट आफ्ना चेलाहरूलाई महसुस गराउन चाहेको ती कथाहरूबाट हामी पाउँछौं।*

## १. आँधीलाई शान्त पार्नुहुन्छ

**मर्कूस ४:३५-४१ पढ्नुहोस्। यस कथामा के हुन्छ र त्यसबाट येशू को हुनुहुन्छ भन्ने के पाठहरू हामी सिक्न सक्छौं? हेर्नुहोस्, " ३५ त्यो दिन साँझ परेपछि उहाँले चेलाहरूलाई भन्नुभयो, "आओ, हामी पारिपट्टि जाऔं।" ३६ अनि भीड़सँग बिदा लिएपछि, उहाँ जुन डुङ्गामा बस्नुभएको थियो त्यसैमा उहाँलाई चेलाहरूले आफ्नासाथ लगे। र अरू-अरू डुङ्गाहरू पनि उहाँको साथमा थिए। ३७ अनि त्यहाँ ठूलो हुरी-बतास चल्यो, र छालहरू डुङ्गामा बज्रन लागे, यहाँसम्म कि डुङ्गा पानीले भरिन लाग्यो। ३८ उहाँ आफैचाहिँ डुङ्गाको पछिल्लो भागमा एउटा सिरानी लाएर निदाइरहनुभएको थियो। तिनीहरूले उहाँलाई यसो भन्दै बिउँझाए, "गुरुज्यू, हामी डुब्न लाग्यौं भन्ने के तपाईंलाई वास्ता छैन?" ३९ तब उहाँ बिउँझनुभयो, र बतासलाई हप्काउनुभयो, र समुद्रका छालहरूलाई भन्नुभयो, "शान्त हो! रोकिजा!" अनि बतास थामियो र ठूलो सन्नाटा छायो। ४० उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरू किन यसरी भयभीत हुन्छौ? तिमीहरूमा विश्वास छैन?" ४१ तिनीहरू साह्रै भयभीत भए र आपसमा भन्न लागे, "यिनी को हुन्? बतास र समुद्रले पनि यिनको हुकुम मान्छन्।"**

मर्कूस ४ अध्यायको सुरुमा येशू डुङ्गामा चढेर समुद्रको किनारामा रहेको जनसमूहलाई सिकाउनुहुन्छ। पछि उहाँ डुङ्गाबाट ओर्लेर चेलाहरूसँग व्यक्तिगत रूपमा छलफल गर्नुभएको आभास मर्कूस ४:१०-१२ दिंदछ। दिनभरिको थकान र पेलानले चेलाहरूले येशूलाई डुङ्गामा लानुहुन्छ। उहाँ अत्यन्तै थाक्नुभएकोले नै होला उहाँ डुङ्गामा चढ्नु बितिक्कै डुङ्गामा भएको

शिरानीमाथि उहाँ निदाउनु हुन्छ। उहाँ सुत्नुभएको ठाउँ डुङ्गाको पछाडि भाग हुनुपर्दछ। अनि त्यस समुद्रमा ठुलो आँधीबेरी आउँछ। डुङ्गा छाल र हुरीले पानीको तलमाथि तैरिन थाल्छ। डुङ्गालाई बचाउन ती चेलाहरूले भरमग्दुर प्रयास गर्छन्। अनि आखिरमा हैरान भएर येशूलाई सम्झन्छन् र उहाँलाई उठाउँछन्। नाटकीय ढङ्गले आँधी शान्त हुन येशूले आदेश दिनुहुन्छ। अनि समुद्र शान्त हुन्छ। येशूको ईश्वरीय शक्तिको प्रदर्शनले चेलाहरू चकित हुन्छन् र भयभित पनि हुन्छन्।

**येशूले आँधीलाई शान्त गर्नुभएको घट्नासँग यह्वेको शक्तिलाई कसरी तुलना गर्न सकिन्छ? हेर्नुहोस् भजन १०४:१-९, "१ ए मेरो प्राण, परमप्रभुको प्रशंसा गर्। हे परमप्रभु मेरा परमेश्वर, तपाईं अति महान् हुनुहुन्छ। तपाईं वैभव र ऐश्वर्यमा विभूषित हुनुहुन्छ। २ उहाँले प्रकाशलाई पोशाकझैं पहिरनुभएको छ, उहाँले आकाशलाई पालजस्तै टाँग्नुभएको छ। ३ उहाँले आफ्ना कोठाहरूका दलिनहरू पानीमाथि स्थिर गर्नुहुन्छ। उहाँले बादललाई आफ्नो रथ तुल्याउनुहुन्छ, र बतासका पखेटामाथि उहाँ सवार हुनुहुन्छ। ४ उहाँले बतासलाई आफ्नो दूत, र आगोका ज्वालालाई आफ्ना सेवक तुल्याउनुहुन्छ। ५ पृथ्वी कहिल्यै नडग्मगाओस् भनेर त्यसलाई उहाँले जगमाथि स्थिर पार्नुभयो। ६ तपाईंले त्यसलाई वस्त्रझैं गहिरो समुद्रले ढाक्नुभयो, अनि पहाड़हरू माथि-माथिसम्म जल पुग्यो। ७ तर तपाईंको खप्कीमा पानी भागिहाल्यो, तपाईंका गर्जनको आवाजमा त्यो तुरुन्तै हटिगयो। ८ तपाईंले खटाउनुभएको स्थानमा जलराशि, पहाड़हरूमाथि उर्लंदै घाटी र बेंसीतिर झऱ्यो। ९ पानीले फेरि पृथ्वीलाई नडुबाओस् भनेर त्यसले नाघ्न नसक्ने सिमाना तपाईंले राखिदिनुभयो।"**

मर्कूस ४:३५-४१मा लेखिएको कथा बाइबलकै ढाँचासँग मिल्दछ। त्यो हो धार्मिक दर्शनमा थियोपानी theopany भनिन्छ। सर्वशक्तिमान परमेश्वर वा उहाँका स्वर्गदूतहरूमध्ये एकको प्रकतिकरण। यस घट्नामा परमेश्वरका चारवटा लक्षणहरूको चित्रण गरिएको छः (१) देविक शक्तिको प्रदर्शन (२) मानव प्राणी भयभित हुन्छ (३) परमेश्वरको आदेश "नडराऊ" (४) जुन तरिकाले परमेश्वर वा स्वर्गदूत देखा पर्छन् त्यसबेला प्रकट गरिने बोलीहरू (५) त्यसबेला प्रकट भएको दिव्य शक्ति वा उपस्थितिमा मानवीय प्रतिक्रिया। ती पाँचमध्ये चारवटा स्वभावहरू जब येशूले समुद्रलाई शान्त गर्नुभयो त्यसबेला प्रकट भएको थियो। त्यसबेला येशूको ईश्वरीय शक्तिको प्रदर्शन भएको थियो।

चेलाहरूको डर मानवीय डर हो। "तिमीहरू किन भयभित भयौं?" भन्नेको अर्थ "भयभित नहोऊ" भन्न खोजिएको हो। "होइन, उहाँ को हुनुहुन्छ?" भन्ने चेलाहरूको प्रश्न मानिसको जवाफ वा प्रतिक्रिया हो। दिव्य प्रकाश वा ज्ञानको ज्योतिका शब्दहरू यस कथामा देखिएको छैन। परमेश्वरको ज्ञानको ज्योति र रहस्य प्रकट गर्ने मनसाय वा लक्ष्य मर्कूसको पुस्तकभरि देखिन्छ। यस पुस्तकमा येशूको बारेमा यथार्थ सत्यको खुलासा गरिएको छ। "होइन, आँधी र समुद्रले पनि उहाँको आदेश पालन गर्ने उहाँ को हुनुहुन्छ?" भन्ने चेलाहरूको प्रश्नको जवाफ पाठकहरूले नै येशूको बारेमा प्रकटिकरण गरिएको अध्ययनले दिनुपर्ने हुन्छ। उहाँ परमेश्वरको पुत्र हुनुहुन्छ र उहाँ प्रभु आफै हुनुहुन्छ भन्ने आभास प्रत्येक पाठकले पाउनै पर्दछ।

**परमेश्वरको शक्तिको बारेमा सोच्नुहोस्। यस शक्तिमा भर परेर तपाईंको जीवनमा आइ पर्ने सबै विषयहरू तपाईं कसरी सामना गर्न सक्नुहुन्छ?**

## २. हल्लीखल्ली र खैलाबैलाको बिचमा सुरिलो वा कानेखुशी गरेको के तपाईंले सुन्न सक्नुहुन्छ?

**येशू र सैतानका शक्ति वा दुष्ट आत्मा तथा उहाँलाई विश्वास नगर्नेहरूसँग भएको अचम्मको महान् द्वन्द्व मर्कूस ५:१-२०मा खुलासा गरिएको छ। यस विवरणमा येशूको शक्तिको बारेमा हामी के सिक्न सक्छौं? हेर्नुहोस्, "१ अनि उहाँहरू समुद्रको पारिपट्टि गेरासेनसको मुलुकमा आउनुभयो। २ येशू डुङ्गाबाट बाहिर निस्कने बित्तिकै चिहानबाट अशुद्ध आत्मा लागेको एक जना मानिसले उहाँलाई भेट्यो। ३ त्यो चिहानहरू हुँदो बस्दथ्यो। कसैले पनि त्यसलाई साङ्लाले समेत बाँध्न सक्दैनथ्यो। ४ किनकि त्यो धेरै पल्ट नेल र साङ्लाहरूले बाँधिएको थियो, र पनि त्यसले साङ्लाहरू टुक्रा-टुक्रा पारी छिनाल्थ्यो। कुनै मानिसले पनि त्यसलाई वशमा पार्न सकेको थिएन। ५ त्यो रात र दिन सधैं चिहानहरू र डाँड़ाहरूमा कराउँदै आफूले आफैलाई ढुङ्गाले चिथोर्दै हिंड्थ्यो। ६ अनि जब त्यसले येशूलाई टाढ़ैबाट देख्यो तब दौड़ेर आयो, र उहाँलाई दण्डवत् गऱ्यो। ७ अनि ठूलो सोरले चिच्च्याएर त्यसले भन्यो, "हे सर्वोच्च परमेश्वरका पुत्र येशू, तपाईंको मसँग के सरोकार? म परमेश्वरमा शपथ खाएर तपाईंलाई बिन्ती गर्दछु, कि मलाई दुःख नदिनुहोस्।" ८ किनकि उहाँले त्यसलाई भन्नुभएको थियो, "ए अशुद्ध आत्मा, त्यस मानिसबाट निस्किआइज।" ९ अनि उहाँले त्यसलाई सोध्नुभयो, "तेरो नाउँ के हो?" त्यसले उहाँलाई भन्यो, "मेरो नाउँ त फौज हो, किनकि हामी धेरै छौं।" १० ती**

**भूतात्माहरूलाई त्यस इलाकाबाहिर ननिकालिदिनुहोस् भनी त्यसले उहाँलाई आग्रहपूर्वक बिन्ती गऱ्यो। ११ त्यहाँ डाँड़ाको भीरतिर सुँगुरको एक ठूलो बगाल चरिरहेको थियो। १२ ती भूतात्माहरूले यसो भनी उहाँलाई बिन्ती गरे, "हामीलाई सुँगुरहरूकहाँ जान दिनुहोस्, र हामी तीभित्र पस्छौं।" १३ तब उहाँले तिनीहरूलाई अनुमति दिनुभयो, र अशुद्ध आत्माहरू बाहिर निस्केर सुँगुरहरूभित्र पसे, अनि दुई हजार सुँगुरको बगाल भीरबाट समुद्रतिर हुर्रिंदैगए, र ती समुद्रमा डुबेर मरे। १४ ती सुँगुर चराउनेहरू भागे, र सहर र गाउँ-गाउँमा खबर दिए। र के भएको हो सो हेर्न मानिसहरू त्यहाँ आए। १५ तब तिनीहरू येशूकहाँ आए, र देखे कि त्यो भूत लागेको मानिस ठीक मनको भएर लुगा लगाई बसिरहेको थियो। यो देखेर तिनीहरू डराए। १६ अनि जसले यो देखेका थिए, तिनीहरूले भूत लागेको मानिस र सुँगुरहरूलाई के भएको थियो सो बताइदिए। १७ अनि तिनीहरूको इलाकाबाट गइहाल्नुहोस् भनी मानिसहरूले येशूलाई बिन्ती गर्न लागे। १८ उहाँ डुङ्गामा पस्न लाग्नुहुँदा त्यो भूत लागेको मानिसले उहाँसँग रहनलाई बिन्ती गऱ्यो। १९ तर उहाँले त्यसलाई अनुमति दिनुभएन, तर त्यसलाई भन्नुभयो, "तिमी आफ्नो घरमा गएर तिम्रा मित्रहरूलाई प्रभुले तिम्रो निम्ति गर्नुभएको महान् काम र तिमीलाई देखाउनुभएको ठूलो दयाको वर्णन गरिदेऊ।" २० अनि त्यो मानिस हिँड़िहाल्यो, र येशूले त्यसको निम्ति कति ठूलो काम गरिदिनुभएको थियो सो डेकापोलिसभरि प्रचार गर्न लाग्यो, र सबै मानिसहरूले अचम्म माने।"**

समुद्रको यात्रामा रातमा के भएको थियो अविस्मरणीय थियो। गेनसरेतको किनारमा जब येशू र चेलाहरू बिहानै आइपुगे तब त्यहाँ के भएको थियो त्यो अत्यन्तै प्रभावकारी थियो। दुष्ट आत्माले सताएको मानिसको इतिहास हृदयविधारक छ। उसलाई नियन्त्रण गर्न खोजेको सबै साङ्गला र डोरीहरूलाई चुँडालेर चिहानहरूमा चहारिरहेको थियो। ढुङ्गाहरूलाई लिएर आफूले आफैलाई रक्ताम्य गरेर घाऊ पार्दथ्यो। उसलाई कसैले नियन्त्रमा राख्न सकेको थिएन (मर्कूस ५:४)। दुष्ट आत्माले सताएको मानिस येशूको आमनेसामने पर्दछ।

त्यो मानिस येशूतिर झम्टिने गरेर दगुर्छ। चेलाहरूको बारेमा केही भनिएको छैन। शायद तिनीहरू भागाभाग भए होलान्। तर जब येशूको सामु त्यस मानिस आउँछ तब ऊ उहाँको अगाडि घुँडा टेक्छ वा लम्पछार पर्छ। उहाँलाई ढोग्दछ भन्ने अर्थ लिन सकिन्छ। उसलाई सहयोग गर्न सक्ने येशू महापुरुष हुनुहुन्छ भनेर त्यस मानिसले महसुस गरेको पाउँछौं। तर जब उसले

मुख खोल्दछ त उसभित्र रहेका दुष्ट आत्माहरू येशूतिर चिच्याउँछ। दुष्ट आत्माहरूको चिच्याहतमा त्यस मानिसको भित्री क्रन्धन वा सहयोगको निम्ति गरेको चित्कार कसले सुन्न सक्छ र? जब दुष्ट आत्माहरूले आफूहरूलाई सुँगुरमा पठाउन अनुरोध गर्छन् तब येशूले अनुमति दिनुहुन्छ। दुष्ट आत्माको पकडमा रहेका सुँगुरको बथान वा दुई हजार जति खैलाबैला गर्दै समुद्रमा हाम फाल्छन् र डुब्छन्। ती सुङ्गुरका मालिकहरूको निम्ति ठुलो लगानी ध्वस्त भएको थियो।

यसमा के अचम्मको कुरो छ भने तत्कालिन धर्मगुरुहरूले येशूलाई नचिनेतापनि दुष्ट आत्माहरूले उहाँ को हुनुहुन्छ भनेर ठ्याक्कै चिनेका थिए। उहाँको अगाडि आफूहरू निरिह भएको पनि तिनीहरूले आभास् दिएका थिए। त्यसकारण, तिनीहरूले आफूहरूलाई सुङ्गुरकहाँ पठाउन आग्रह गर्दै बिन्ति गरेका थिए (मर्कूस ५:१०)। तिनीहरूले उहाँको शक्ति र अधिकारलाई चिनेका थिए। तिनीहरूमाथि उहाँको शक्ति भएको तिनीहरूले महसुस गरेका थिए।

यस कथामा चित्रण गरेका चर्तिकलाहरू उल्लेखनीय छ।पहिलो त पुरानो करारको नियम अनुसार यहाँ जे भइरहेको छ  त्यो संस्कार अनुसार अशुद्धतासँग कारोबार भइरहेको पाउँछौं। लास र चिहानहरू अशुद्ध हो (गन्ती १९,१६)। रगतले मानिसलाई अशुद्ध बनाउँछ (लेबी १५)। सुङ्गुरहरू त अशुद्ध जनावर न  हो (लेबी ११:७)।

दोस्रो उल्लेखनीय घट्ना त असल र  खराबका शक्तिहरूको बिचमा भइरहेको संग्राम नै अशुद्धपना हो। येशूले दुष्टआत्माहरूलाई त्यस मानिसबाट निकाल्नुहुन्छ। यसमा येशू विजयी हुनुभएको देखाउँछ। दुष्टआत्माहरूले ती सुङ्गुरहरूलाई मार्दछन्।यसमा सैतान विजयी भएको देहाउँछ। सहरका मानिसहरूले येशूले गाउँ छोड्न अऱ्हाउँछन्। यसमा पनि सैतानको जित भएको देखाउँछ। येशूले निको भएको मानिसलाई गाउँमै उहाँले गर्नुभएको कामको बारेमा सुनाउन वा गवाही दिन पठाउनुहुन्छ। यसमा येशूको जित भएको देखाउँछ। त्यो मानिस आनकानी गर्दै आफ्नो गाउँ वा सहरमा जान्छ। तर उसको गवाही सबैलाई आश्चर्यचकित नै तुल्याउने थियो।

***तपाईं जुनसुकै समस्याहरूसँग संघर्ष गरिरहनुभएतापनि यस कथाबाट येशूको शक्तिको बारेमा तपाईंले के सिक्न सक्नुहुन्छ?***

## ३. येशूसँग तलमाथि

मर्कूस ५:२१-२४ पढ्नुहोस्। यहाँ याइरसका उल्लेखनीय चरित्रहरूको बारेमा के बुझ्न सक्नुहुन्छ? हेर्नुहोस्, " २१ जब येशू फेरि डुङ्गामा समुद्रको पारिपट्टि जानुभयो, तब एउटा ठूलो भीड उहाँको वरिपरि भेला भयो। उहाँचाहिँ समुद्रको किनारमा हुनुहुन्थ्यो। २२ सभाघरका शासकहरूमध्ये याइरस नाउँका एक जना उहाँकहाँ आए, र उहाँलाई देखेर उहाँका पाउमा घोप्टो परे, २३ र यसो भनेर बिन्ती गरे, "मेरी सानी छोरी मर्न लागेकी छे, आएर त्यसमाथि तपाईंका हात राखिदिनुहोस्, र त्यो निको होस् र बाँचोस्।" २४ तब येशू तिनीसँग जानुभयो। एउटा ठूलो भीड उहाँको पछि लाग्यो, र मानिसहरू उहाँको वरिपरि ठेलमठेला गर्न लागे।"

याइरस जस्ता धार्मिक अगुवाहरू प्रायजसो येशूलाई मन पराउँदैनथे (मर्कूस १:२२, ३:३,६, लूका १३:१४)। तर उनी पीडामा थिए। येशूको अगाडि लम्पछार पर्दा उनी कतिको दयनीय थिए भनेर बताउँछ। आफ्नी छोरी मर्न लागेकोलाई बचाउन उनको अनुरोध जोसुकै बाबुआमाले महसुस गरेको हुन्छ। तर येशूले उनलाई सहयोग गर्न सक्नुहुन्छ भन्ने विश्वास उनमा थियो। येशूले केही नभनीकनै त्यस बाबुसँग उनको घरमा लम्किनुहुन्छ।

तर याइरसको घरमा जाँदै गर्दा बिच बाटोमा येशू अलमलमा पर्नुहुन्छ वा उहाँ रोक्नुहुन्छ। त्यो केले भएको थियो? हेर्नुहोस्, "२४ तब येशू तिनीसँग जानुभयो। एउटा ठूलो भीड उहाँको पछि लाग्यो, र मानिसहरू उहाँको वरिपरि ठेलमठेला गर्न लागे। २५ अनि बाह्र वर्ष अघिदेखि रगत बग्ने रोग भएकी एउटी स्त्री त्यहाँ थिई। २६ त्यसले धेरै वैद्यहरूका हातबाट अनेक कष्ट पाएर आफूसँग भएका सारा धन-दौलत खर्च गरेर पनि निको नभई बरु झन् खराब हालतमा पुगेकी थिई। २७ येशूको विषयमा त्यसले सुनेकी थिई, र भीड़को पछिल्तिरबाट आएर उहाँको वस्त्र त्यसले छोई। २८ किनकि त्यसले मनमनै भनी, "मैले उहाँको वस्त्र मात्र छोएँ भने पनि म निको हुनेछु।" २९ अनि तुरुन्त त्यसको रगत बग्ने बन्द भइहाल्यो, र आफ्नो शरीरको रोग निको भएको त्यसले थाहा पाई। ३० आफूबाट शक्ति बाहिर निस्केको झट्टै येशूले थाहा पाएर भीड़मा पछिल्तिर फर्केर सोध्नुभयो, "कसले मेरो वस्त्र छोयो?" ३१ चेलाहरूले उहाँलाई भने, "भीड़ले ठेलमठेला गरेको त तपाईंले देख्नुभएकै छ, र पनि तपाईं भन्नुहुन्छ "कसले मलाई छोयो?" ३२ उहाँलाई छुने को हो भनी उहाँले चारैतिर हेर्न लाग्नुभयो। ३३ तब आफूलाई जे भएको थियो सो थाहा पाएर त्यो स्त्री डरले

**काम्दै आएर येशूको अगि घोप्टो परी, र उहाँलाई सबै सत्य कुरा भनिदिई। ३४ तब उहाँले त्यसलाई भन्नुभयो, "ए छोरी, तिम्रो विश्वासले तिमीलाई निको पारेको छ। शान्तिसाथ जाऊ। तिम्रो रोग निको होस्।" मर्कूस ५:२४-३४।**

येशू अगाडि बढिरहनुभएको कथा अचानक अर्को दृश्यले रोक्दछ। बाऱ्ह वर्षसम्म रगत बहने भयानक व्यथाले सताइहेकी स्त्री कसैले थाहै नपाइकन येशूभएको हुलमा पस्छिन्। हृदयमा दयाको भिष माग्दै उनी त्यहाँ पस्न साहस गरेकी थिइन्। याइरस र स्त्रीको कथा मर्कूसमा भएको दोस्रो सैन्डविच वा चक्कीको कथा हो (पहिलो मर्कूस ३:२३-३५मा पाइन्छ)। याइरस र स्त्री विपरित ढङ्गले येशूकहाँ सहायताको निम्ति आउँदछन्।

त्यो स्त्री डराइ डराइ येशूको पछाडि आउँछिन् र उहाँको पछ्यौंको टुप्पो छुन्छिन्। तुरन्तै उनको रगत बग्ने रोग निको हुन्छ। तर सारा स्वर्गको मालिक येशू त्यस अवला स्त्रीको निम्ति टक्क रोक्नुहुन्छ र सबैलाई चकित पार्ने गरेर सोध्नुहुन्छ, "मलाई कसले छोयो?"

लामो समयसम्म बिरामी भएकी स्त्री अचानक निको त हुन्छिन् तर येशूलाई छुँदा उहाँ रिसाउनुभयो कि भनेर उनी डराउँछिन्। त्यस समयको दृश्य अत्यन्तै भावपूर्ण थियो। तर येशूले त्यस स्त्रीको शरीर मात्र होइन उनको आत्मा वा मनस्थितिलाई पनि निको पार्न चाहनुभएको थियो।

*अब हामी याइरसतिर फर्किन्छौं (मर्कूस ५:३५-४३)। यहूदी सभाघरको मुखिया याइरसको निम्ति त्यो क्षण अत्यन्तै संघर्षमय नै थियो। आफ्नी छोरी मरिसकेकी खबर सुन्दा उनलाई के भयो होला वा उनको दिमागमा कस्तो द्वन्द्व चल्यो होला? याइरसलाई शान्त गराउनुभएर येशू केटी भएको कोठामा पस्नुहुन्छ। त्यसबेला त्यस केटीका बाबुआमा, पत्रुस, याकूब र यूहन्नालाई मात्रै कोठामा आउन अनुमति दिनुहुन्छ। केटी मरेकी छैन तर सुतिरहेकी छिन् भनेर येशूले जिकिर गर्नुहुन्छ। त्यस मरेकी केटीका वरिपरि रहेका भाडाका रुने मानिसहरू सबैलाई कोठाबाट येशूले निकाल्नुहुन्छ (त्यस समयको चलन अनुसार प्रतिष्ठित मानिसले मानिसहरूलाई भाडामा लिएर शोक मनाउन सक्थे)। त्यस केटीको हात समातेर येशूले भन्नु हुन्छ "टालिथा कुम अर्थात् नानी उठ। तलिथाको खास अर्थ पाठो हो। यो बालबालिकाहरूलाई घरमा माया गरेर सम्बोधन गर्ने भाषा हो। त्यो केटी उठ्छिन् तर सबैलाई यो घट्नालाई गोप्य राख्न येशूले आदेश गर्नुहुन्छ। येशूको काम वा उहाँले प्रकट*

*गर्नुभएको कार्यलाई गुपचुप राख्ने आदेश मर्कूसभरि पाउँछौं। यसले येशू को हुनुहुन्छ भन्ने सन्देशलाई त कसैले लुकाउन त सक्दैन नै।*

## ४. येशूलाई अस्वीकार गरिन्छ र सत्कार

**येशूलाई उहाँको गाउँघरमा किन अस्वीकार गरे वा उहाँलाई विश्वास गरेनन्? हेर्नुहोस्, "१ त्यहाँबाट निस्केर उहाँ आफ्नै नगरमा फर्कनुभयो। उहाँका चेलाहरू उहाँको पछि लागे। २ शबाथ-दिनमा उहाँले सभाघरमा शिक्षा दिन लाग्नुभयो। धेरै जना सुन्नेहरूले छक्क परेर भने, "यस मानिसले यी सब कहाँबाट पायो? यिनलाई दिइएको यो ज्ञान कस्तो हो? यिनका हातबाट भएका कार्यहरू कति शक्तिशाली? ३ के यिनी त्यही सिकर्मी होइनन् र? के यिनी त मरियमका छोरा तथा याकूब, योसेफ, यहूदा र सिमोनका दाजु होइनन् र? के यिनका बहिनीहरू पनि हामीसँगै छैनन् र?" अनि तिनीहरू उहाँसँग चिढ़िए। ४ तब येशूले तिनीहरूलाई भन्नुभयो, "अगमवक्तालाई आफ्नो देश र आफ्नो नातादारहरूका बिचमा र आफ्नै घरमा बाहेक अन्त कहीं अनादर हुँदैन।" ५ र उहाँले त्यहाँ कुनै-कुनै रोगीहरूमाथि आफ्ना हात राखेर तिनीहरूलाई निको पार्ने कामबाहेक अरू कुनै शक्तिशाली काम गर्नु सक्नुभएन। ६ तिनीहरूको अविश्वास देखेर उहाँ छक्क पर्नुभयो। अनि उहाँ गाउँ-गाउँमा शिक्षा दिँदैजानुभयो।" मर्कूस ६:१-६।**

प्रायजसो सानो गाउँ वा सहरमा भएको मानिस प्रख्यात हुन्छ तब सबैको ध्यान त्यस मानिस तर्फ हुन्छ। तर नाजरथमा त भएन। येशू शिक्षक र निको पार्ने व्यक्ति हुनुभएकोमा उहाँको गाउँका मानिसहरूले आपत्ति जनाएका थिए। उहाँको सफलतालाई तिनीहरूले स्वीकार गर्न चाहेनन्। उहाँ सिकर्मी वा निर्माणकर्ताबाट गुरु हुन पुगेको मानिसहरूले सम्मान गर्न चाहेनन्। उहाँले उहाँका प्रायजसो आश्चर्य कामहरू कपर्नुममा गर्नुभएकोले उहाँ प्रति तिनीहरूले वैमनस्यता राखेको हुनुपर्दछ (लूका ४:२३)। परिवारसँग उहाँको मतभेद पनि भएको थियो।

**बप्तिस्मा दिने यूहन्नाको शिर छेडन भएको थियो। तर उनको त्यो वियोगान्त घट्ना र चेलाहरूको लक्षमा के भिन्नता थियो? हेर्नुहोस्, मर्कूस ६:७-३०, "७ उहाँले बाह्र जनालाई आफूकहाँ बोलाउनुभयो, र तिनीहरूलाई दुई-दुई गरी पठाउनुभयो। तिनीहरूलाई अशुद्ध आत्माहरूमाथि अधिकार पनि दिनुभयो। ८ तिनीहरूलाई उहाँले यस्तो आज्ञा दिनुभयो: "यात्राको निम्ति साथमा**

केही नबोक्नू, न त रोटी, न झोला, न खल्तीमा पैसा, तर एउटा लट्ठी मात्र
बोक्नू। ९ जुत्ता लाउनू, तर अरू बढ़ी दौरा नबोक्नू।" १० उहाँले तिनीहरूलाई
भन्नुभयो, "जब कुनै घरमा पसौला, जबसम्म त्यस गाउँबाट निस्कँदैनौ तबसम्म
त्यहीं नै बस। ११ यदि कुनै ठाउँमा तिमीहरूको स्वागत भएन भने, र
मानिसहरूले तिमीहरूको वचन सुन्न इन्कार गरे भने, त्यस ठाउँबाट तिमीहरू
निस्कँदा तिनीहरूका विरुद्धमा गवाहीको लागि आफ्नो पैतालाको धुलो
टकटक्याइदिनू।" १२ तब तिनीहरू निस्केर गई मानिसहरूले पश्चात्ताप गरून्
भनी प्रचार गरे। १३ तिनीहरूले धेरै भूतहरूलाई निकाले, र धेरै रोगीहरूलाई
तेलले अभिषेक गरेर निको पारे। १४ हेरोद राजाले येशूको कीर्ति सुने, किनकि
उहाँको नाउँ प्रचलित भएको थियो। कतिले भन्थे, "बप्तिस्मा-दिने यूहन्ना
मरेकाबाट जीवित भएछन्, यसैले त तिनीद्वारा यस्ता शक्तिका काम भइरहेछन्।"
१५ तर अरूहरूले भने, "यिनी एलिया हुन्।" र अझै अरूहरूले भने, "यिनी त
प्राचीन समयका अगमवक्ताहरूजस्तै एक अगमवक्ता हुन्।" १६ तर जब हेरोदले
यो सुने तब उनले भने, "यूहन्ना, जसको शिर मैले काट्न लगाएँ, त्यही
बौरिउठेछ।" १७ किनभने हेरोदले आफ्नो भाइ फिलिपकी पत्नी हेरोदियासको
खातिर यूहन्नालाई पक्रन लाएर तिनलाई बाँधी झ्यालखानमा हालेका थिए,
किनभने उनले हेरोदियासलाई विवाह गरेका थिए। १८ किनकि यूहन्नाले
हेरोदलाई यसो भनेका थिए, "आफ्नो भाइकी श्रीमती राख्नु तपाईंलाई न्यायसङ्गत
छैन।" १९ यसैले हेरोदियासले तिनीमाथि ईख राखेकी थिइन्, र तिनलाई मार्न
चाहन्थिन्, तर सकेकी थिइनन्। २० किनकि यूहन्नालाई एक धर्मात्मा र पवित्र
मानिस भनी ठानेर हेरोद तिनीसँग डराउँथे, र तिनलाई सुरक्षित राखेका थिए।
यूहन्नाको शिक्षा सुन्दा उनी साह्रै विचलित हुन्थे, तापनि खुशीसित सुन्थे। २१
तर अनुकूल मौका त्यस बेला आयो, जब हेरोदले आफ्नो जन्मोत्सवमा आफ्ना
उच्च पदाधिकारीहरू, अफिसरहरू र गालीलका मुख्य-मुख्य मानिसहरूलाई ठूलो
भोज दिए। २२ किनकि जब हेरोदियासकी आफ्नै छोरी भित्र आएर नाची, तब
तिनले हेरोद र उनका अतिथिहरूलाई खुशी तुल्याई। अनि राजाले त्यस
केटीलाई भने, "तिमीलाई जे इच्छा लाग्छ सो माग, र म तिमीलाई दिनेछु।" २३
तिनले शपथ खाएर त्यसलाई भने, "तिमी मसँग जे माग्छ्यौ म मेरो आधा
राज्यसम्म पनि तिमीलाई दिनेछु।" २४ अनि त्यसले बाहिर निस्केर आफ्नी
आमालाई सोधी, "म के मागूँ?" तिनले भनिन्, "बप्तिस्मा-दिने यूहन्नाको शिर।"
२५ त्यो झट्टै आतुरीसाथ भित्र राजाकहाँ गई, र यसो भनेर मागी, "हजूरले अहिले

**मलाई बप्तिस्मा-दिने यूहन्नाको शिर थालमा दिनुहोस् भन्ने म इच्छा गर्दछु।"
२६ राजा अत्यन्तै दुःखित भए, तर उनले आफ्नो शपथ र भोजमा बस्ने
अतिथिहरूका खातिर त्यस केटीलाई दिएको वचन तोड्न चाहेनन्। २७ राजाले
तुरुन्तै गारदको एक जना सिपाहीलाई पठाएर यूहन्नाको शिर ल्याउने हुकुम
दिए। अनि त्यसले झ्यालखानमा गएर यूहन्नाको शिर काट्यो, २८ र तिनको
शिर थालमा ल्याएर केटीलाई दियो, र केटीले त्यो त्यसकी आमालाई दिई। २९
यूहन्नाका चेलाहरूले जब यो कुरा सुने तब तिनीहरू आएर तिनको लाश उठाएर
चिहानमा लगेर राखे। ३० अनि प्रेरितहरू येशूकहाँ भेला भए, र तिनीहरूले जे-जे
गरेका थिए र सिकाएका थिए, ती सबै उहाँलाई बयान गरे। ३१ उहाँले
तिनीहरूलाई भन्नुभयो, "तिमीहरू आफै पनि मसँग एकान्त ठाउँमा आओ, र केही
थकाइ मार।" किनकि त्यहाँ आउनेजानेहरू धेरै थिए, र उहाँहरूलाई खानसम्म
पनि फुर्सद थिएन।"**

यो मर्कूसको पुस्तकमा भएको तेस्रो सैन्डविच वा चक्कीको कथा हो। चेलाहरूले येशूको सन्देश जतातत्तै फैलाउने अभिभारा सुम्पिएको बिपरित हेरोद राजाले बप्तिस्मा दिने यूहन्नालाई झ्यालखानमा हालेर उनको मुख थुनिदिएको घट्नामा भिन्नता थियो। चेलाहरूलाई हल्का सामान बोकेर यात्रा गर्नु र तिनीहरूको खानपिन र बस्नको लागि तिनीहरूलाई सत्कार गर्नेमाथि भर पर्न येशूको आदेश थियो। यो रणनीतिले मिसिनेरी वा प्रभुको निम्ति काम गर्ने वा सेवा गर्नेहरू अरू सर्वसाधारण विश्वासीहरूमा भर पर्न सिकाउँछ। यसले गर्दा सत्कार गर्ने र सुसमाचार प्रचार गर्नेको बिचमा आत्मिय बन्धन हुन्थ्यो।

तर बप्तिस्मा दिने यूहन्ना, हेरोद र उनका परिवारसँग यूहन्नाको कुनै आत्मियता वा मायाको बन्धन थिएन। हेरोडले कामवासनामा आएर आफ्नो इज्जत थाम्न हेरोडियासको पुत्रीको अनुरोधलाई अस्वीकार गर्न सकेनन्। यूहन्नाको हत्याको बारेमा विस्तृत विवरण लेखिएको छ। हेरोदियासको षडयन्त्र अनुसार यूहन्नालाई मार्न लगाइको थियो तर उनको शिर मागेर प्लेटमा राखेर सुम्पिने विभत्स अनुरोध हेरोदियासकी पुत्रीले थपेकी थिइन्।

जब बान्ह चेलाहरूले पश्तात्तापको सन्देश सुनाइरहेका थिए त्यसैबेला विवेक र नैतिकतालाई नमिच्न बुलन्ध आवाज बप्तिस्मा दिने यूहन्नाले उठाएका थिए। यूहन्नाको मृत्युले येशूको मृत्युको अग्रिम सूचक थियो। यूहन्नालाई पनि मारेर गाडिएको थियो र उनी बौरिउठेका थिए भनेर सन्देश फैलाइएको थियो (मर्कूस ६:१४-१६,२९)। येशूको मामिलामा पनि त्यही थियो (मर्कूस १५,१६)।

यो समान्तर कथाहरूले येशू र उनका चेलाहरूमा आउने शङ्कटलाई औँल्याउँदछ।

*के तपाईंलाई पनि मानिसहरूले येशूलाई जस्तै छिःछिः दुरदुर गरेको अनुभव गर्नुभएको छ? के तपाईं पनि बुझ्नै नसक्ने शङ्कटमा पर्नुभएको छ? तिनीहरूबाट तपाईंले के पाठ सिक्नुभयो जसले गर्दा आउने शङ्कटलाई तपाईं सामना गर्न सक्षम् हुन सक्नुहुन्छ?*

## ५. लोकले चाहेको भन्दा फरक मसीह

मर्कूस ६:३४-५२ पढ्नुहोस्। येशू र उहाँका चेलाहरूले के समस्याको सामना गरेका थिए र त्यसलाई कसरी सुल्झाइएको थियो? हेर्नुहोस्, "३२ अनि उहाँहरू डुङ्गामा सुटुक्क एउटा एकान्त ठाउँमा जानुभयो। ३३ धेरै मानिसहरूले उहाँहरू गइरहनुभएको देखे, र धेरैले चिने, अनि सबै सहरहरूबाट पैदलै दौड़ेर त्यता गए, र उहाँहरूलाई उछिनेर अगाडि पुगे। ३४ जब उहाँ किनारमा उत्रनुभयो तब उहाँले एउटा ठूलो भीड देख्नुभयो, र उहाँले तिनीहरूलाई टिठ्याउनुभयो। किनकि तिनीहरू गोठालो नभएका भेड़ाहरूजस्ता थिए। र उहाँले तिनीहरूलाई धेरै कुरा सिकाउन लाग्नुभयो। ३५ अनि जब दिन धेरै ढल्क्यो तब उहाँका चेलाहरूले उहाँकहाँ आएर भने, "यो एकान्त ठाउँ छ, र अब दिन धेरै ढल्किसक्यो। ३६ मानिसहरूलाई बिदा दिनुहोस्, र तिनीहरूले वरपरका बस्ती र गाउँहरूमा गएर आफ्ना लागि केही खानेकुरा किनून्।" ३७ तर उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूले नै तिनीहरूलाई केही खान देओ।" तर तिनीहरूले उहाँलाई भने, "के हामीले गएर दुई सय दिनारको रोटी किनेर तिनीहरूलाई खान दिने र?" ३८ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूसँग कति वटा रोटी छन्? गएर हेर।" अनि पत्ता लाएपछि तिनीहरूले भने, "पाँच रोटी र दुई वटा माछा।"। ३९ अनि उहाँले मानिसहरूलाई हरियो चउरमा दल बाँधेर बस्ने हुकुम गर्नुभयो। ४० तिनीहरू सय-सय र पचास-पचासका ताँती लागेर बसे। ४१ उहाँले ती पाँच रोटी र दुई वटा माछा लिएर स्वर्गतिर हेरी आशीर्वाद दिनुभयो, र ती रोटीहरू भाँच्नुभयो अनि मानिसहरूका अगाडि राखिदेऊन् भनेर चेलाहरूलाई दिनुभयो, र ती दुई माछा पनि उहाँले सबैलाई बाँड़िदिनुभयो। ४२ अनि सबैले खाए, र तृप्त भए। ४३ पछिबाट चेलाहरूले रोटी र माछाका उब्रेका टुक्राहरू बाह्र डालाभरि उठाए। ४४ रोटी खाने पुरुषहरू पाँच हजार थिए। ४५ अनि उहाँले तुरुन्तै आफ्ना चेलाहरूलाई डुङ्गामा

चढ़ेर पारि बेथसेदामा उहाँभन्दा अघि जान अह्राउनुभयो, र त्यतिञ्जेल उहाँले
चाहिँ भीड़लाई बिदा दिनुभयो। ४६ तिनीहरूसँग बिदा भएपछि उहाँचाहिँ डाँड़ामा
प्रार्थना गर्न जानुभयो। ४७ साँझ पर्दा डुङ्गा समुद्रको बिचमा थियो, र उहाँचाहिँ
एकलै पाखामा हुनुहुन्थ्यो। ४८ चेलाहरूलाई डुङ्गा ख्याउन कष्ट भइरहेको
उहाँले देख्नुभयो, किनभने बतास तिनीहरूका विपरीत थियो। तीन बजे बिहानतिर
उहाँ तिनीहरूकहाँ समुद्रमाथि हिँड्दैआउनुभयो, र तिनीहरूलाई उछिनेर जान
लाग्नुहुँदा ४९ तिनीहरूले उहाँलाई समुद्रमाथि हिँड़िरहनुभएको देखेर प्रेत हो
भन्ठाने, र तिनीहरू चिच्च्याए। ५० किनकि उहाँलाई देखेर सबै डराएका थिए।
तर झट्टै उहाँले तिनीहरूलाई भन्नुभयो, "ढाड़स गर, म हुँ, नडराओ।" ५१ अनि
उहाँ तिनीहरूकहाँ डुङ्गाभित्र चढ्नुभयो, र बतास थामिहाल्यो। अनि तिनीहरू
अत्यन्त अचम्मित भए, ५२ किनकि तिनीहरूले रोटीका विषयको कुरा बुझेकै
थिएनन्, तर तिनीहरूको हृदय कठोर भएको थियो।"

चेलाहरू सुसमाचार प्रचार गरेर फर्कन्छन्। येशूले तिनीहरूलाई गलिलको समुद्रको पूर्विय क्षेत्रको दुर्गम ठाउँमा लानुहुन्छ। त्यहाँ थकाइ मार्न गएका थिए। तर तिनीहरूको सामु स्त्री र बालबालिकाहरू बाहेक ५,००० पुरुषहरूको विशाल भीड देखा पर्छ। तिनीहरू गोठालाबिनाका भेँडाहरू जस्तै भएको येशूले देख्नुभएको थियो। उहाँले दिनभरि तिनीहरूलाई सिकाउनुहुन्छ।

बेलुका भयो, तब चेलाहरूले ती भीडलाई आआफ्नो घरमा जाऊ भनेर येशूले भनोस् भनेर अनुरोध गर्छन्। तिनीहरू भोकाएका पनि थिए। तर येशूले ती अथाह जनसमूहलाई ख्वाउन चेलाहरूलाई अऱ्हाउनु हुन्छ। भीडको भोकलाई तार्ने समस्यालाई मानव तरिकाले सुल्झाउने कुराकानी चेलाहरूले येशूसँग गर्नुभएको थियो (मर्कूस ६:३५-३८)। तर केवल पाँच रोटी र दुई माछाले अचम्म तरिकाले त्यस भीडलाई ख्वाउनुभएर येशूले त्यो भोकको समस्यालाई सुल्झाउनुभएको थियो।

येशूको समयमा मानिसहरूले कस्तो खालको मसीह चाहेका थिए भन्ने लोकप्रिय धारणा यस कथाले खुलाउँदछ। मसीह स्वतन्त्र सेनानी भएर शत्रुहरूको नियन्त्रणबाट इस्राएललाई मुक्त पार्नुहुनेछ भन्ने लोकले अपेक्षा गरेको थियो र अनि उहाँले धार्मिकता र शान्तिको धार्मिक राज्य खडा गर्नुहुनेछ भन्ने शिक्षा पनि त्यसबेलाका मानिसहरूलाई सिकाइएको थियो। कतिपय समयमा मरुभूमीमा सैनिकहरू खडा गरेर रोमी सरकारको विरुद्धमा संघर्ष छेडेको थियो (यूहन्ना ६:१४,१५, प्रेरित २१:३८)।

मानिसहरू गोठाला नभएका भेँडाहरू जस्तै थिए भनेर येशूले भन्नुहुँदा उहाँ नै गोठाला हुनुहुन्छ कि भनेर तिनीहरूले बुझ्न प्रयास गरेका थिए। आफूपछि अगुवा नियुक्त गर्न मोशाले परमेश्वरसँग अनुरोध गरेका थिए। तिनीहरू गोठाला बिनाका भेँडाहरू नहून् भन्ने उनको चाहाना गन्ती २७:१७मा उल्लेख गरिएको छ। येशूले त्यसै अंश उद्धृत गर्नुभएको थियो। परमेश्वरका जनहरूको गोठाला भन्ने वाक्यांश पुरानो करारमा उल्लेख गरिएको छ। इस्राएलीहरूलाई अगुवाइ गर्ने अगुवा वा राजाको अभाव देखिएको थियो (१ राजा २२:१७, २ इतिहास १८:१६, इजकिएल ३४:५,६)।

तर जनमानसको अपेक्षालाई येशूले पूरा गर्नुहुन्न। उहाँले चेला र भीडलाई फर्काउनुहुन्छ। येशूले रोमको विरुद्धमा विद्रोह गर्नुको सट्टा उहाँ चुपचाप पहाडको शान्त ठाउँमा प्रार्थना गर्न जानुहुन्छ। प्रार्थना गर्ने मसीहलाई मानिसहरूले अपेक्षा गरेका थिएनन्।

येशू लोकप्रिय धारणा अनुसार कुनै राजनैतिक, सामाजिक र बैचारिक बन्धनबाट मानिसहरूलाई मुक्त गर्न आउनुभएको थिएन। तर उहाँ मानिसहरूलाई पापको बन्धनबाट मुक्त गर्न आउनुभएको थियो। पानीमाथि येशू हिँड्नुभएको स्वभावले उहाँ प्रकृतिको मालिक हुनुहुन्छ भनेर चेलाहरूलाई देखाउनुभएको थियो। तर त्यसबेला उहाँ शासन गर्न होइन तर धेरैको मोल तिर्न आफ्नो ज्यान दिन आउनुभएको थियो (मर्कूस १०:४५)।

***भविष्यवाणीलाई उचित रूपमा व्याख्या गर्न किन जरुरी छ भनेर त्यस कथाले हामीलाई कसरी सिकाउँदछ? येशूको पहिलो आगमनको बारेमा कतिपयले गलत धारणा राख्दा तिनीहरूमा विपद् आएको थियो। उहाँको दोस्रो आगमनको भविष्यवाणीलाई पनि गलत धारणाले हामी व्याख्या नगरून् भनेर हामी कसरी सचेत हुने?***

## उपसंहारः

**थप जानकारीः एलेन जी. ह्वाइटद्वारा लिखित द डिजाएर अभ एजेजको पृ. ३३३-३४८ को "पिस बी स्टिल" र "द टच अभ फेथ।"**

"येशूका प्रत्येक भक्त परमेश्वरको तालिममा रहेको हुन्छ। त्यो मानिस संसारको मोहमा फसेको छैन, सांसारिक संस्कार, परम्परा र आनीबानीमा फसेको छैन भनेर आफ्नो जीवनशैलीबाट प्रकट गर्नु पर्छ। प्रत्येक येशूभक्तले परमेश्वरको चाहना वा लक्षको ज्ञान प्राप्त गर्न व्यक्तिगत अनुभव गर्नु आवश्यक

छ। हामी प्रत्येक व्यक्तिगत रूपमा नै हाम्रो हृदय वा विवेकमा परमेश्वर बोलिरहनुभएको आभास पाउनै पर्छ। जब परमेश्वरसम्मत नभएको प्रत्येक आवाजलाई पन्छाउँछौं, शान्तमय वातावरणमा उहाँको सम्मुख उहाँलाई पर्खेर बस्छौं, तब मौन वा शान्त रहेको भित्री आत्मा वा अन्तरविवेकले उहाँको आवाजलाई बढि स्पष्टसँग सुन्न सक्षम हुन्छ। उहाँले हामीलाई यसरी अऱ्हाउनुहुन्छः "शान्त होओ, र म परमेश्वर हुँ भनी जान। जाति-जातिहरूमा म उचालिनेछु, पृथ्वीमा म उचालिनेछु।" भजन ४६:१०। यहाँ नै हामीले सही वा सक्कली विश्राम पाउँछौं। परमेश्वरको निम्ति परिश्रम गर्ने सबैको निम्ति यो नै प्रभावकारी परिक्षण हो। हतार हतारमा लम्किरहेको भीडमा र तिब्र गतिले चलिरहेको जीवनका क्रियाकलापका तनावहरूमा परमेश्वरमा विश्राम पाएका भक्तजनहरूले तिनीहरूको वरिपरि उहाँको उज्यालो ज्योति र शान्त वातावरण भएको आभास तिनीहरूले पाउँछन् र जीवनको कदममा अघि बढ्न, तिनीहरू ताजा र फुर्तिलो हुन्छ। तिनीहरूको जीवनबाट सुगन्ध वा सुवासको सास फेरिरहेको हुन्छ। यस गुणले सजिएको व्यक्तिले परमेश्वरको दिव्य शक्तिलाई प्रकट गरिरहेको हुन्छ र मानिसहरूका हृदयमा उसको उपस्थिति चम्किरहेको हुन्छ।"-एलेन जी. ह्वाइट, *द डिजाएर अभ एजेज,* पृ. ३६३।

"कतिपय असंतुष्ट हृदय भएका भक्तजनहरूले यी प्रश्नहरू गरिरहेका हुन्छन्ः हजारौं मानिसहरूको सामु अनेकौं आश्चर्य काम गर्नुहुने येशूले उहाँका जनहरूलाई उहाँले किन सुस्वास्थ्य, बल र भौतिक सम्पत्तिहरूको आशिष दिनुहुन्न, अत्याचारीहरूको दमनबाट स्वतन्त्र गर्नुहुन्न र तिनीहरूलाई शक्तिसम्पन्न गराएर तिनीहरूलाई सम्मान गर्नुहुन्न? आफूलाई परमेश्वरले पठाउनुभएको हो भनेर दावी त गर्ने तर इस्राएलको राजा वा अधिपति हुन अस्वीकार गर्ने येशूको रहस्यमय मिजासको गहिऱ्याइ कुनै मानव प्राणीले बुझ्न सक्दैन। उहाँ स्वतन्त्र सेनानीको अगुवा हुने भूमिका खेलेर इस्राएललाई दमन गर्ने रोमीहरूबाट स्वतन्त्र पार्न अस्वीकार गर्दा मानिसहरूले उहाँलाई गलत सम्झेका थिए। आफूले दावी गर्नुभएको अनुसार चल्न उहाँ नै सुरो नहुनुभएको कारण उहाँ आफ्नै दिव्य लक्षको स्वभावलाई शङ्का गर्नुभएको थियो भनेर कतिपयले अनुमान गर्दछन्। यस मनस्थितिलाई दिमागमा खेलाइ राख्यो भने उहाँलाई शङ्का गर्ने हृदयका बाटोहरू खुला गरिरहेको हुन्छ। सैतानले रोपेको यस खालको बीउलाई उम्रिन दिंदा येशूको बारेमा गलत सम्झिन्दै उहाँलाई

त्यागन र उहाँको बिरुद्धमा गद्दारी गर्न पनि मानिस पछि हट्दैन।" –*द दिजाएर अभ एजेज,* पृ. ३६५।

**चिन्तनमनन:**

अ. तपाईंलाई येशूले केबाट स्वतन्त्र गर्नुभयो भनेर कसैले सोध्यो भने त्यसको जवाफ तपाईंले कसरी दिने?

आ. कतिपय समयमा असल, परमेश्वरका भक्त बप्तिस्मा दिने यूहन्ना जस्ता मानिसहरूलाई झ्यालखानामा हालिन्दै तिनीहरूको हत्या गर्न परमेश्वरले किन अनुमति दिनुहुन्छ? यसबारे चिन्तन गर्नुहोस्। यो बुझ्नै नसक्ने परिस्थितिको बावजुद पनि परमेश्वरमा हामीले कस्तो किसिमको आशा पाइरहन सक्छौं?

इ. चर्चमा थोरै स्रोतहरू भएतापनि येशूले ५००० लाई ख्वाउनुभएको विवरणले हामीले के पाठहरू सिक्न सक्छौं?

ई. मर्कूस ५ र ६मा चित्रण गरेको येशूलाई आत्मसात गर्दै आधुनिक समयमा मानिसहरूले येशूको बारेमा भएका विभिन्न धारणाहरूसँग तुलना गर्नुहोस्। कतिपय मानिसहरू येशूलाई नै प्रयोग गरेर राजनैतिक रूपमा शक्तिशाली हुन खोज्छन्, आफ्नो भाउ खोज्छन् र अरूलाई दवाउँछन्। के यो येशूनीति अनुसार हो र?

## कथा ५
## अपेक्षा नगरिकनै हृदय परिवर्तन, भाग २

विश्वविद्यालयको विद्यार्थी भएको हैशियतले अनुशले धेरै पल्ट सुनेकी थिइन्, "जब तिमी ग्राडुयट हुन्छौं तिमीले काम पाउनेछौ।" तर जब उनी ग्राडुयट भइन् कसले पनि उनलाई काम दिएन।

अनुशले काम नपाएकोमा उनको बाबुले धेरै चिन्ता गरिरहेका थिए। आर्मिनियामा छोराछोरीहरूले काम पाउन प्रायजसो बाबुले नै सहयोग गर्दछन्। कतिपय बाबुहरूले त कम्पनीका मालिकहरूलाई घुस ख्वाएर आफ्ना छोराछोरीहरू काम  दिलाउँछन्। तर अनुशका बुबाले घुस ख्वाउन चाहेका थिएनन्। अब आफ्नै घरसहरमा अनुश बेरोजगार हुन पुगेकी थिइन्।

एक दिन उनले एउटा खबर समाचार पत्रमा पढिन्। एक अन्तरसम्प्रदायका इसाई संगठनले अमेरिकामा आर्मेनियन भाषा उल्था गर्ने व्यक्तिलाई खोज्दै थियो। त्यो काममा तलब थोरै थियो। उनको सहरको नजिकको अर्को भान्डाजोर भन्ने ठाउँमा गएर उनले अस्थायी काम गर्नुपरेको थियो। अनुवादकको रूपमा काम गर्न उनले बाबुसँग अनुमति मागिन्। आर्मेनिया प्रायजसो पुरुष प्रधान देश भएकोले छोराछोरीहरूले केही निर्णय गर्नुपर्‍यो भने बाबुसँग सोध्दछन्। अमेरिकनहरूसँग काम गर्नु राम्रो अवसर मिल्नेछ भनेर बाबुले ठानेर छोरीलाई जाऊ भनेर अनुमति दिए।

अनुशले काम पाइन्। उनी खुशी थिइन्। चार वर्ष अघि बाबुले अनुशलाई चर्च जान रोकेका थिए। उनले बप्तिस्मा लिन पनि बाबुले मनाही गरेका थिए। अब उनी बाइबल पढ्न थालेकी थिइन् र अरूहरूलाई येशूको बारेमा सुनाउन थालेकी थिइन्। त्यसको लागि त उनले तलब पनि पाएकी थिइन्। जब उनले काम गर्न थालिन् तब मिसिनेरी वा सुसमाचार प्रचारक गर्ने चाहना उनमा बढ्न थाल्यो। आफ्नो सपना कसरी पूरा गर्ने भनेर उनले सोच्न थालिन्।

उनले तीन दिने उपवास गरेर प्रार्थना गरिन्। उनले प्रस्थानको पुस्तकमा मोशाले परमेश्वरलाई जलिरहेको झाङ्गबाट बोल्नुभएको कथा पढिन्। परमेश्वरले मिश्र देशका फारो राजाकहाँ गएर आफूलाई सेवा गर्न मोशलाई अऱ्हाउनुभएको थियो। उनलाई पनि परमेश्वरले यो भनिरहनुभएको महसुस गरिन्, "तिम्रा बाबुकहाँ जाऊ र मलाई सेवा गर्न अनुमति माग।"

आफ्ना बाबुकहाँ अनुशा गइन् र सोधिन्, "बुबा के अर्को देशमा मिसिनेरी हुन अध्ययन गर्न सक्छु कि?" बुबाले उत्तर दिए, "अहँ!"

भोलिपल्ट बिहान अनुशले फेर प्रस्थानको पुस्तक पढिन् जहाँ राजा फारोले मोशाको कुरा सुन्न अस्वीकार गरेका थिए। परमेश्वरले मोशालाई फेरि पठाउनुभयो र भन्नुभयो, "फारोसँग कुरा गर।"

अनुशा फेरि बुबाकहाँ गइन्। "बुबा के म परमेश्वरको सेवा गर्न मिसिनेरी कार्यक्रममा अध्ययन गर्न सक्छु?" "सक्दैनौं!" बुबाले फेरि जवाफ दिए।

उनी प्रस्थानको पुस्तक पढिनै रहिन्। जति जति परमेश्वरले मोशालाई फारोसँग कुरा गर्न अऱ्हाउनुभयो र उनले अस्वीकार गरे त्यति नै अनुशा आफ्नो बाबुकहाँ गएर आफ्नो प्रस्ताव राखिन्। बाबु एकदम रिसाए र एक दिन चिच्च्याएर भने,"तिमी स्थानीय चर्चमै जाऊ, बप्तिस्मा लेऊ र अरू देशमा जाने कुरा त्याग !"

अनुश अलमलमा परिन्। बाबुबाट त्यस्तो जवाफ पाउँला भनेर आशा गरेकी थिइनन्। उनले चर्चमा जान निर्णय गरिन्। उनी नजिकको सेभेन्थ-डे एडभेन्टिस्टले सुसमाचारीय कार्यक्रम भेलामा सरिक भइन्। जब प्रचारकले को को बप्तिस्मा लिन चाहन्छ, उठ्नुहोस्!" भनेर आह्वान गरे तब अनुश उभिन्। "के तिमी बप्तिस्मा लिन चाहन्छयौं? तिम्रो बुबाको अनुमति छ त?" प्रचारकले सोधे। सबै जनालाई उनको कथा थियो। "बाबुले हुन्छ भन्नुभएको छ," भनेर अनुशले जवाफ दिइन्।

बाबुले अनुशको बप्तिस्मालाई रोकेनन्। अनुश हर्षले आनन्दित भएर पानीमा हाम फालिन्।